# बागमती प्रदेश सभा

## दोस्रो कार्यकाल

### पाँचौं अधिवेशन

### बैठक संख्या: ०१

### संक्षिप्त विवरण

### २०८१ माघ १८ गते, शुक्रबार

### बिहान ११:०० बजे

१. प्रदेश सभाको पाँचौं अधिवेशनको पहिलो बैठक माननीय सभामुख श्री भुवन कुमार पाठकको अध्यक्षतामा शुक्रबार बिहानको ११:०० बजे प्रारम्भ भयो।

२. माननीय सभामुखले माननीय प्रदेश प्रमुखले सभाको अधिवेशन आह्वान गर्नुभएको पत्र प्राप्त भए अनुसार पत्रको व्यहोरा पढेर सुनाउँनु भयो।

३. माननीय सभामुखले बागमती प्रदेशका माननीय मुख्यमन्त्रीको सिफारिस अनुसार मन्त्रिपरिषद् पुनर्गठन एवम् कार्य विभाजन गरेको पत्र व्यहोरा पढेर सुनाउँनु भयो।

४. माननीय सभामुखले माननीय प्रदेश प्रमुखको कार्यलयबाट "प्रदेश स्वास्थ्य सेवा ऐन,२०७५ लाई संशोधन गर्न बनेको विधेयक" र "प्रदेश हस्तकलाग्राम स्थापना तथा सञ्चालनको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" प्रमाणीकरण भएको पत्रको व्यहोरा पढेर सुनाउँनुभयो।

५. माननीय सभामुखले माननीय प्रदेश प्रमुखको कार्यालयबाट "प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" फिर्ता पठाउनु भएको पत्र पढेर सुनाउँनु भयो।

६. माननीय सभामुखले प्रदेश सभा नियमावली २०७४ को नियम ११ बमोजिम सभामुख र उपसभामुखको अनुपस्थितमा बैठको अध्यक्षता गर्न निम्नलिखित माननीय सदस्यहरुलाई मनोनयन गर्नुभयो।

- माननीय उर्मिला नेपाल
- माननीय भारती कुमारी पाठक
- माननीय भुवन केशरी श्रेष्ठ
- माननीय रमा आले मगर
- माननीय लक्ष्मी घिमिरे

बागमती प्रदेश सभा
हेटौंडा, नेपाल

७. माननीय सभामुखले विभिन्न दलका नेता/प्रतिनिधिहरूलाई प्रदेश सभाको पन्ध्रौं अधिवेशन सफलताको शुभकामना मन्तव्य राख्न समय दिनुभयो।

- माननीय मुख्यमन्त्री एवं नेपाली काँग्रेस संसदीय दलको नेता श्री बहादुर सिंह लामा(तामाङ),
- प्रमुख प्रतिपक्षी दल नेकपा (माओवादी केन्द्र) संसदीय दलको नेता माननीय शलिकराम जम्कट्टेल,
- नेकपा एमाले संसदीय दलको नेता माननीय जगन्नाथ थपलिया,
- राष्ट्रिय प्रजातन्त्र पार्टी संसदीय दलको नेता माननीय उद्धव थापा,
- नेकपा (एकीकृत समाजवादी) संसदीय दलको नेता माननीय कृष्ण प्रसाद शर्मा खनाल,
- नेपाल मजदुर किसान पार्टी संसदीय दलको नेता माननीय सुरेन्द्रराज गोसाई,
- हाम्रो नेपाली पार्टी संसदीय दलको नेता माननीय शौलेन्द्रमान बज्राचार्य,

८. माननीय सभामुखले अर्को बैठक मिति २०८१ माघ २३ गते बुधबार बिहानको ११:०० बजे बस्ने गरि यो बैठक स्थगित गर्नुभयो।

(कृष्ण हरि खड्का)
सचिव